नौ लाख किसानलाई बजारसँग जोड्ने श्रीलंकाको कृषि कार्यक्रम सुरु

कोलम्बो, कात्तिक १४ । श्रीलंकाले कृषि क्षेत्रको आधुनिकीकरण र राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान बढाउने उद्देश्यले शुक्रबार ६६ करोड ५० लाख अमेरिकी डलरको कृषि विकास कार्यक्रम सुरु गरेको छ ।

विश्व बैंक समूह र अन्तरराष्ट्रिय कृषि विकास कोष (आईएफएडी) को आर्थिक सहयोगमा सञ्चालन हुने 'श्रीलंका एग्रीकनेक्ट' कार्यक्रमले सन् २०३० सम्ममा नौ लाख किसानलाई कृषि उत्पादन तथा बजारको मूल्य शृङ्खलासँग जोड्ने लक्ष्य राखेको छ । कार्यक्रम अन्तर्गत विश्व बैंक समूहले ५५ करोड अमेरिकी डलर र आईएफएडीले ११ करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराउनेछन् । यसका अतिरिक्त आगामी पाँच वर्षमा निजी क्षेत्रबाट थप १७ करोड अमेरिकी डलरसम्म लगानी मित्र्याउने लक्ष्य राखिएको छ ।

अधिकारीहरूका अनुसार कार्यक्रमले डिजिटल प्रविधिको प्रयोग र अन्य आधुनिकीकरणका उपायमार्फत कृषि तथा खाद्य क्षेत्रलाई जलवायु परिवर्तनका असर थेप्न सक्ने र बजारमुखी उद्योगका रूपमा विकास गर्ने लक्ष्य लिएको छ । कार्यक्रम शुभारम्भका अवसरमा सार्वजनिक विवरणअनुसार श्रीलंकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा खाद्य क्षेत्रको योगदान करिब १५ प्रतिशत छ । त्यस्तै, वस्तु निर्यातमा यस क्षेत्रको हिस्सा ३० प्रतिशत र कुल रोजगारीमा करिब एक तिहाइ रहेको सिन्हवाले जनाएको छ ।

'स्ट्रेट अफ होर्मुज' मा तनाव, इरानद्वारा तीन तेल ट्यांकर अवरुद्ध

■ एजेन्सी
तेहरान, कात्तिक १४

ओमानले शुक्रबार आक्रमणबाट आगलागी भएको व्यापारिक जहाजबाट २५ जना चालक दलका सदस्यको उद्धार गरेको जनाएको छ । यसैबीच, इरानले 'स्ट्रेट अफ होर्मुज' पार गर्ने प्रयासमा रहेका तीनवटा तेल ट्यांकर रोकेको जनाएको छ ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरू भएको युद्धका कारण तेहरानले विश्वको करिब पाँच भागको एक भाग तेल ओसारपसार हुने उक्त जलमार्गमा आवागमन अवरुद्ध गर्दै आएको छ ।

ओमानको समुद्री सुरक्षा केन्द्रका अनुसार पानामाको भण्डा बोकेको 'आरआईटीआई' नामक व्यापारिक जहाजमाथि आक्रमण हुँदा आगलागी भएको थियो । त्यसपछि ओमानी नौसेनाले जहाजमा रहेका २५ जनालाई उद्धार गरेको हो । उनीहरूलाई आवश्यक स्वास्थ्य उपचारसमेत प्रदान गरिएको विज्ञप्तिमा उल्लेख छ । जहाज ट्यांकिङ वेबसाइट मरिन ट्राफिकका अनुसार उक्त जहाज कच्चा तेल बोक्ने ट्यांकर हो ।

यसैबीच, अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख ब्राड कूपरले अमेरिकी सेनाले स्ट्रेट अफ होर्मुजका अन्तरराष्ट्रिय जलमार्गमा रहेका समुद्री बारूदी सुरूङ हटाएको बताएका छन् । जलमार्ग खुला र सुरक्षित राख्न अमेरिकी सेना तैनाथ रहेको उनको भनाइ छ ।

बेलायती समुद्री सुरक्षा निकाय (युकेएमटीओ) का अनुसार शुक्रबार इरानको लामान टापुबाट करिब ७४ किलोमिटर दक्षिणमा रहेको अर्को जहाजमा अज्ञात वस्तुले प्रहार गर्दा आगलागी भएको थियो । जहाजका चालक दल सुरक्षित रहेको र वातावरणीय क्षतिको खबर नआएको निकायले जनाएको छ । इरानको रिभोलुसनरी गार्डस (आईआरजीसी)ले अनधिकृत मार्ग प्रयोग गरेका तीनवटा तेल ट्यांकर रोकेको जनाएको छ । ती जहाजले नेभिगेसन तथा अवस्थिति पहिचान गर्ने प्रणाली बन्द गरी इरानी चेतावनी बेवास्ता गरेको गार्डसँको आरोप छ । तीमध्ये एउटा ट्यांकरमा २० लाख ब्यारेल तेल रहेको र समुद्री बारूदी सुरुङमा ठोकिएर आगलागी भएको इरानले जनाएको छ ।

इरानले स्ट्रेट अफ होर्मुज हुँदै जाने जहाजले तोकिएको मार्ग प्रयोग गर्नुपर्ने र यात्राबारे इरानी सेनासँग समन्वय गर्नुपर्ने माग गर्दै आएको छ । इरानले जलमार्गमा लगाएको अवरोधको जवाफमा अमेरिकाले इरानी बन्दरगाहहरूमा प्रति-अवरोध लगाएको छ । यसले इरानको तेल निर्यात तथा व्यापारिक गतिविधिमा थप प्रतिबन्ध सिर्जना गरेको एएफपीले जनाएको छ ।

भारतद्वारा आफ्नै नेभिगेसन प्रणाली सुदृढ पार्न नयाँ उपग्रह प्रक्षेपण

नयाँ दिल्ली, कात्तिक १४ । भारतले आफ्नो स्वतन्त्र नेभिगेसन प्रणाली 'नेभिगेसन विथ इन्डियन कन्स्टेलेसन' (नाभिक) लाई सुदृढ पार्ने उद्देश्यले शुक्रबार राति नयाँ पुस्ताको नेभिगेसन उपग्रह सफलतापूर्वक प्रक्षेपण गरेको छ ।

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अनुसार 'एनभीएस-०३' नामक उपग्रहलाई जीएसएलभी-एफ१८ रकेटमार्फत आन्द्र प्रदेशको श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार शुक्रबार राति ११:५१ बजे प्रक्षेपण गरिएको हो । इसरोले सामाजिक सञ्जाल एक्समा लेखेको छ, 'जीएसएलभी-एफ१८ ले एनभीएस-०३ लाई सफलतापूर्वक निर्धारित कक्षामा स्थापित गरेको छ ।'

भारतका विज्ञान तथा प्रविधिमन्त्री जितेन्द्र सिंहले यस सफलताका लागि इसरोका वैज्ञानिकहरूलाई बधाई दिँदै यसले अन्तरिक्ष प्रविधिमा भारतको बढ्दो क्षमता र स्वदेशी नेभिगेसन प्रणालीलाई सुदृढ पार्ने प्रतिबद्धता झल्काएको बताएका छन् । इसरोका अनुसार जीएसएलभी-एफ१८ भारतको भूस्थिर उपग्रह प्रक्षेपण यान (जीएसएलभी) को २०औं उडान हो ।

नयाँ पुस्ताको नेभिगेसन उपग्रह शृङ्खलाअन्तर्गतको तेस्रो उपग्रह एनभीएस-०३ ले भारतीय क्षेत्रीय नेभिगेसन उपग्रह प्रणाली (आईआरएनएसएस) अन्तर्गत प्रदान गरिने नेभिगेसन सेवाको निरन्तरता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

अमेरिकी न्याय विभागलाई निर्वाचन अधिकारी नधम्क्याउन अदालतको आदेश

वासिङटन, कात्तिक १४ । अमेरिकाको एक संघीय अदालतले न्याय विभागलाई राज्य तथा स्थानीय निर्वाचन अधिकारीहरूलाई धम्क्याउन र दबाब दिन रोक लगाएको छ । मतपत्र प्रशोधनसम्बन्धी आफ्ना निर्देशिका पालना नगरे निर्वाचन अधिकारीमाथि फौजदारी अभियोग लगाउने चेतावनी दिँदै आएको न्याय विभागविरुद्ध अदालतले शुक्रबार यस्तो आदेश जारी गरेको हो ।

क्यालिफोर्नियाको उत्तरी जिल्लाकी न्यायाधीश ट्रिना थम्पसनले जारी गरेको आदेशले ट्रम्प प्रशासनको निर्वाचन प्रक्रियामा हस्तक्षेप गर्ने प्रयासलाई धक्का दिएको छ । प्रशासनले नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनमा अमेरिकी नागरिक नभएको आशंका गरिएका व्यक्तिहरूको मतदान प्रक्रियालाई सीमित पार्न खोजेको थियो ।

श्रमिक संगठन तथा नागरिक अधिकार समूहहरूले न्याय विभाग र गृह सुरक्षा विभागविरुद्ध दायर गरेको मुद्दाको सुनुवाइपछि अदालतले कडा शब्दमा अस्थायी निषेधाज्ञा जारी गरेको हो । न्यायाधीश थम्पसनले आदेशमा भनिएको छ, 'प्रतिवादीहरूले राज्य वा स्थानीय निर्वाचन अधिकारी तथा कर्मचारीलाई धम्क्याउन, तर्साउन वा दबाब दिन पाउनेछैनन् । उनीहरूले आफूले मतदाता अयोग्य ठानेकै आधारमा कुनै पनि दर्ता भएका मतदाताको मतपत्र प्रशोधन रोक्न निर्देशन दिन पाउने छैनन् ।'

उक्त आदेशले न्याय विभागका अधिकारीहरूले आफ्ना माग पालना नगरेको भन्दै राज्य तथा स्थानीय निर्वाचन अधिकारी र कर्मचारीलाई फौजदारी अभियोग लगाउने धम्कीसमेत दिन नपाउने स्पष्ट पारेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले आगामी मङ्गलबार हुने मध्यावधि निर्वाचनमा कब्जेसमाथिको आफ्नो नियन्त्रण गुमाउन सक्ने जोखिम छ । आलोचकहरूले ट्रम्प प्रशासनले निर्वाचनको नतिजाप्रति शंका उत्पन्न गराउने प्रयास गरिरहेको आरोप लगाउँदै आएका छन् । यसै साता बुधबार अर्को एक संघीय न्यायाधीशले क्यालिफोर्नियाका २० हजारभन्दा बढी मतदाताको मतपत्र छुट्टै राख्ने न्याय विभागको प्रयास अस्वीकार गरेका थिए । ती मतदाता अमेरिकी नागरिक नभएको हुन सक्ने विभागको दाबीलाई अस्वीकार गर्दै न्यायाधीशले उक्त कदमलाई निर्वाचनअघि गरिएको निर्लज्ज हस्तक्षेप भनेका थिए ।

शुक्रबारको आदेशमा न्यायाधीश थम्पसनले निषेधाज्ञा नोभेम्बर १६ सम्म लागू रहने बताएका छन् । निर्वाचनको मिति नजिकिँदै गएको र मुद्दा दायर गर्ने पक्षले आफ्नो दाबी पुष्टि गर्ने बलियो आधार प्रस्तुत गरेको भन्दै उहाँले आदेशलाई उचित ठहर गरेका हुन् ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०७/१५

यस कम्पनीको मिति २०८३/०५/१४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार सार्विकको कम्पनी **अलमाइटी पशुपति एजुकेशन फाउण्डेशन भाषा** (**दर्ता नं.२०८५१**) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अलमाईटी पशुपति एजुकेशन फाउण्डेशन भाषा** कायम गरिएको जानकारी गराइन्छ ।

ग्लोबल आइएमई बैंक लि.

निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

स्वोवल आइएमई बैंकको सुनिकोट शाखामा दचल खाता खोली कारोबार गर्दै आउनु भएका सन्त बहादुर गुरुङको मिति २०८२/०९/२६ मा मृत्यु भएकोले मृतकको खातामा रकम भुक्तानी पाउँ भनी मृतकको छोरा पूर्ण बहादुर गुरुङबाट मिति २०८३/०७/१२ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सौंचेत नगरी

सुनौलेक शाखा
फोन नं. ९७८८१४१४८८
व्यवस्थापक कार्यालय : ०१-५९७०००

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

मित्रलाल उपाध्यायको नाति, लालमणि उपाध्यायको छोरा, रुपनेही जिल्ला, बैनौमैना न.पा. वडा नं. २, पर्सा बस्ने यस बैंकको तम्घास शाखा कार्यालयको खातावाला अमर मरासिनीको मिति २०८३/०३/०८ मा मृत्यु भएकोले मृतकको खातामा रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी शामिला भण्डारीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुंदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, सातीघाट, काठमाडौं
फोन नं.: ४९७८४८/४७५८७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय : बाह्रविसे, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालय : बनेपा, काभ्रेपलाञ्चोक
फोनः ०११-६६३३४०/४१, टोल फ्रि नं.१६६०११२२०१०

Unaudited Financial Results (Quarterly)

Condensed Statement of Financial Position
As on Quarter ended 31st Ashwin 2083 (17th Oct 2026)

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	842,611,821	737,095,353
Due from Nepal Rastra Bank	272,950,020	328,946,330
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to BFIs	162,599,805	190,561,924
Loans and Advances to Customers	3,202,275,490	3,297,488,585
Investment Securities	774,754,665	1,024,844,361
Current Tax Assets	61,055,308	61,022,367
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	112,870,655	112,870,655
Property and Equipment	241,668,226	244,250,855
Goodwill and Intangible Assets	1,598,549	1,718,367
Deferred Tax Assets	48,464,458	48,437,549
Other Assets	61,468,068	79,466,292
Total Assets	**5,782,317,064**	**6,126,702,639**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	5,132,613,606	5,414,182,628
Borrowings	-	-
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	163,136,552	163,583,348
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,295,750,158**	**5,577,765,977**
Equity		
Share Capital	557,456,067	557,456,067
Share Premium	-	-
Retained Earnings	(303,152,136)	(234,208,796)
Reserves	232,262,975	225,689,391
Total Equity Attributable to Equity Holders	**486,566,906**	**548,936,662**
Non Controlling Interest	-	-
Total Equity	**486,566,906**	**548,936,662**
Total Liabilities and Equity	**5,782,317,064**	**6,126,702,639**

Condensed Statement of Profit or Loss
For the Quarter ended 31st Ashwin 2083 (17th Oct 2026)

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	82,942,223	82,942,223	101,498,327	101,498,327
Interest Expense	50,112,066	50,112,066	70,990,544	70,990,544
Net Interest Income	**32,830,157**	**32,830,157**	**30,507,783**	**30,507,783**
Fee and Commission Income	4,619,871	4,619,871	4,014,858	4,014,858
Fee and Commission Expense	252,446	252,446	15,763	15,763
Net Fee and Commission Income	**4,367,425**	**4,367,425**	**3,999,095**	**3,999,095**
Net Interest, Fee and Commisson Income	**37,197,583**	**37,197,583**	**34,506,878**	**34,506,878**
Net Trading Income	-	-	-	-
Other Operating Income	1,924,768	1,924,768	446,278	446,278
Total Operating Income	**39,122,350**	**39,122,350**	**34,953,155**	**34,953,155**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	54,576,717	54,576,717	35,917,198	35,917,198
Net Operating Income	**(15,454,367)**	**(15,454,367)**	**(964,042)**	**(964,042)**
Operating Expense	**46,682,106**	**46,682,106**	**43,671,558**	**43,671,558**
Personnel Expenses	27,530,562	27,530,562	26,312,435	26,312,435
Other Operating Expenses	15,930,658	15,930,658	13,592,167	13,592,167
Depreciation & Amortisation	3,220,885	3,220,885	3,766,957	3,766,957
Operating Profit	**(62,136,472)**	**(62,136,472)**	**(44,635,601)**	**(44,635,601)**
Non Operating Income	4	4	37,900	37,900
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**(62,136,469)**	**(62,136,469)**	**(44,597,701)**	**(44,597,701)**
Income Tax Expense				
Current Tax	-	-	-	-
Previous Year Tax	-	-	-	-
Deferred Tax	-	-	-	-
Profit/(loss) for the Period	**(62,136,469)**	**(62,136,469)**	**(44,597,701)**	**(44,597,701)**
Profit attributable to:				
Equity holders of the Bank	(62,136,469)	(62,136,469)	(44,597,701)	(44,597,701)
Non-controlling interest	-	-	-	-
Profit for the Period	**(62,136,469)**	**(62,136,469)**	**(44,597,701)**	**(44,597,701)**
Earning Per Share				
Basic Earning per Share (Annualised)		(44.59)		(32.00)
Diluted Earning per Share (Annualised)		(44.59)		(32.00)
Profit/(loss) for the period	**(62,136,469)**	**(62,136,469)**	**(44,597,701)**	**(44,597,701)**
Other Comprehensive Income Net of Income Tax	(62,787)	(62,787)	(2,323,367)	(2,323,367)
Total Comprehensive Income for the Period	**(62,199,256)**	**(62,199,256)**	**(46,921,068)**	**(46,921,068)**
Total Comprehensive Income attributable to:				
Equity-Holders of the Bank	(62,199,256)	(62,199,256)	(46,921,068)	(46,921,068)
Non-controlling Interest	-	-	-	-
Total Comprehensive Income for the Period	**(62,199,256)**	**(62,199,256)**	**(46,921,068)**	**(46,921,068)**

Ratios as per NRB Directives

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		10.40%		10.83%
Tier 1 Capital to RWA		8.28%		11.44%
Non-performing Loan (NPL) to Total Loan		12.12%		8.84%
Total Loan Loss Provision to Total NPL		58.74%		84.95%
Net Non-Performing Loan to Total Loan (Net NPL)		6.97%		3.56%
Credit to Deposit Ratio		68.74%		64.68%
Return on Equity (Annualised)		-48.00%		-35.77%
Return on Asset (Annualised)		-1.04%		-2.86%
Cost of Funds	3.74%		5.05%	
Base Rate (Quarterly Average)	7.36%		8.28%	
Interest Rate Spread	4.59%		4.58%	

Notes to NFRS Compliant Financials as per NRB circular

1. The above financials have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by NRB.
2. Previous period figure have been regrouped / rearranged / restated wherever necessary.
3. Loan and Advances include interest receivables and are presented net of impairment charges.
4. In Compliance with NRB's ECL Guideliness, the bank has de-recognised interest income on loans & Advances classified under stage-3.
5. The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2025" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02. Financial Statements with Full Compliance to ECL Guideliness shall be reported separately to NRB by the Bank. Bank has considered the impact of Effective Interest Rate as not significant for the period of 1st quarter of FY 2083-084.
6. Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities.
7. Detail interim financial report has been published in the bank's websites: www.sindhubank.com.np

Statement of Distributable Profit or Loss
For the Quarter ended 31st Ashwin 2083 (17th Oct 2026)
(As per NRB Regulation)

Amount (NPR)

Particulars	"Current Year Upto this Quarter YTD"	"Previous Year Corresponding Quarter YTD "
Net profit or (loss) as per statement of profit or loss	**(62,136,469)**	**(44,597,701)**
Appropriations:		
a. General reserve	-	-
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	-	-
e. Employees' training fund	441,187	127,898
f. Other	-	-
Profit or (loss) before regulatory adjustment	**(62,577,656)**	**(44,725,599)**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(6,302,897)	(7,774,191)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	-	(4,870,389)
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	(995,729)
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other		
- Fair Value Reserves	(62,787)	(2,323,367)
Net Profit for the Quarter ended on Ashoj 2083 available for distribution	**(68,943,340)**	**(60,689,275)**
Opening Retained Earning as on Shrawan 1 2083	(234,208,796)	(192,970,839)
Adjustment (+/-)	-	-
Distribution:		
Bonus shares issued	-	-
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Quater end Ashoj 2083	**(303,152,136)**	**(253,660,114)**
Annualised Distributable Profit/Loss per share	-	-

धितोपत्र दर्ता तथा निष्काशन नियमावली (२०७३ को अनुसूची १४ नियम २६ को उप नियम (१) संग सम्बन्धित) आ.व. २०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

(१) वित्तीय विवरण:
(क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।
(ख) प्रमुख वित्तीय अनुपात सम्बन्धी विवरण:
समिक्षा अवधिको अन्तस्समा यस विकास बैंकको वित्तीय अनुपातहरु तपसिल बमोजिम रहेका छन् ।

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
(४४.५६)	(१.३५)	८७.२८	१८३७.२७	३५.३७%

(२) व्यवसायकीय विश्लेषण:
(क) विषम परिस्थितिको कारणले निक्षेपको अनुपातमा कर्जा लगानी वृद्धि नभएकोले ब्याज खर्च बढ्न गएता पनि बैंकको खुद ब्याज आम्दानी र कूल संचालन आम्दानी गत आ.व.को भन्दा वृद्धि भएको छ । तथापि अन्य पोस्टुकहरु सन्तोषप्रद रहेका छन् । हालको विषम परिस्थितिको कारणले कर्जाहरुको मागमा सकुचन आएको र चाडबाडको समय भएकोले यो त्रैमासमा कर्जा असुलीमा असर परेको देखिन्छ ।
(३) कानुनी कारवाही सम्बन्धी विवरण:
(क) विकास बैंकको सामान्य व्यवसायिक कारोबारको सिलसिलामा कर्जा असुलीसँग सम्बन्धित मुद्दा बाहेक समीक्षा अवधिमा विकास बैंकलाई कानुनी कारवाही सम्बन्धी कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।
(ख) यस विकास बैंकका संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै पनि मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।
(ग) समीक्षा अवधिमा कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।
(४) संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :
धितोपत्र बजारमा सेयरको खरिद बिक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ । बैंक व्यवस्थापकको तर्फबाट नियमनकारी निकायको निर्देशन बमोजिम शेयर मूल्यमा असर पार्ने सूचना तत्काले पेश गर्ने गरिएको छ । यस विकास बैंकको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको शेयर कारोबारको विवरण यस प्रकार रहेको छ । (स्रोत: www.nepalstock.com)

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	कारोबार दिन
८००	३२९.८०	४४८.८०	१०,८५३	६१

(५) समस्या र चुनौतिहरु :
(१) देशमा घटेको जेनजी आन्दोलनको प्रभावले आर्थिक र राजनैतिक क्षेत्रमा देखिएको अन्योलताले निम्त्याएको चुनौतिहरु ।
(२) देशको अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जाको मागमा भएको कमीको कारणले समग्र बैंकिङ व्यवसायमा परेको असरहरु ।
(३) ठुला बैंक तथा वित्तीय संस्थाको न्यून कोष लागतको कारणले कर्जा प्रवाहमा चर्को प्रतिस्पर्धामे परेको असरहरु ।
(४) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी वृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरुले निम्त्याउने चुनौतिहरु ।
(५) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभावबाट हुनसक्ने संचालन लगायतका जोखिमहरु ।
(६) संचालन तथा जोखिम न्यूनिकरणका लागि लगात खर्चमा भएको वृद्धि, बैंकिक क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुस्किन गई मुनाफामा हुन सक्ने असर ।
(६) संस्थागत सुशासन:
संस्थागत सुशासन सम्बन्धि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु यस बैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । बैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नका लागि संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, ALCO क्रियाशील रहेका छन् । बैंकको कारोबारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागु गरिएको छ । विगतमा रहेका नीतिनियम, विनियमावली, प्रोडक्ट पेपरहरुलाई अद्यावधिक गरी लागु गर्ने कार्य गरिएको छ ।
(७) सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा:
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्यर र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनकालागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नोट: सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण यस विकास बैंकको आधिकारिक वेबसाईट : www.sindhubank.com.np मा राखिएको छ ।

Website : www.sindhubank.com.np

सधैं ..... तपाईं संग